आज मिति २०८२/१०/०३ गते दिउँसो २:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री नरेन्द्र बहादुर खाती | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १**

यस धनगढी उपमहानगरपालिकाको स्वीकृत दरबन्दीमा साबिकमा अधिकृत छैटौं तहमा सुरु नियुक्त भई अधिकृत सातौं तहमा नगर सभाको मिति २०७७।०३।१० को निर्णय अनुसार मिति २०७७।०४।०१ मा समायोजन तथा पदस्थापना भएका र उपमहानगरपालिकाको कार्यपालिकाको मिति २०८२।०३।२९ गतेको ३८ औं बैठकको निर्णयहरुबाट सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ को उपदफा (१ र ३) बमोजिम अधिकृतस्तर सातौं तहमा तह मिलान गरिएका देहायका कर्मचारीहरुले सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा (१) बमोजिम हाल कार्यरत रहेको देहायको तहबाट एक तहवृद्धि गरी पाउँ भनी निवेदन दिनु भएकोमा निजहरुको तोकिएबमोजिमको शैक्षिक योग्यता भएको, एक तह वृद्धिका लागि न्यूनतम् सेवा अवधि पुगेको, पछिल्लो पाँच वर्ष (आ.व. २०७७।०७८, २०७८।०७९, २०७९।०८०, २०८०।०८१ र २०८१।०८२) को कार्यसम्पादन मूल्याङ्कनको औषत अङ्क समेत पन्चानब्बे प्रतिशत भन्दा बढी प्राप्त गरेको र हाल कुनै विभागीय कार्बाहीमा समेत नपरेको देखिएकोले देहाय बमोजिम एक तह वृद्धि गर्ने निर्णय गरियो।

| क्र. सं. | नामथर, संकेत नम्बर | साविक तह, पद, सेवा, समूह/उपसमूह र नियुक्ति मिति | शैक्षिक योग्यता | पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन औषत अङ्क | तहवृद्धि हुने तह र पद | तहवृद्धि गरिएको तहको ज्येष्ठता लागू हुने मिति (वर्ष/महिना/गते) |
|---|---|---|---|---|---|---|
| १ | सुरेन्द्र सिंह कार्की (क.सं.नं.: ७-६७-४८०७-०४३५३) | **तह :** अधिकृत सातौं<br>**पद :** प्रशासकीय अधिकृत<br>**सेवा :** स्थानीय प्रशासन<br>**समूह :** सामान्य प्रशासन<br>**नियुक्ति मिति :** २०७७।०४।०१ | स्नातकोत्तर (MBA& M.ed) | ९९.६ | **तह :** अधिकृत आठौं<br>**पद :** प्रशासकीय अधिकृत<br>तह वृद्धि भई तलब प्राप्त हुने मिति २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |
| २ | लेखनाथ ओझा (क.सं.नं. (क.सं.नं.: ७-६७-४८०७-०४३५२) | **तह :** अधिकृत सातौं<br>**पद :** आ.ले.प. अधिकृत<br>**सेवा :** स्थानीय प्रशासन<br>**समूह :** लेखा<br>**उपसमूह :**<br>**नियुक्ति मिति :** २०७७।०४।०१ | स्नातकोत्तर (MBA & MA) | ९९.६ | **तह :** अधिकृत आठौं<br>**पद :** आ.ले.प. अधिकृत<br>तह वृद्धि भई तलब प्राप्त हुने मिति २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |
| ३ | दाताराम जोशी (क.सं.नं. (००-६७-००-०४३२८) | **तह :** अधिकृत सातौं<br>**पद :** इन्जिनियर<br>**सेवा :** स्थानीय इन्जिनियरिङ्<br>**समूह :** सिभिल<br>**उपसमूह :** जनरल<br>**नियुक्ति मिति :** २०७७।०४।०१ | डिप्लोमा इन इन्जिनियरिङ् (सिभिल) | ९८.० | **तह :** अधिकृत आठौं<br>**पद :** इन्जिनियर<br>तह वृद्धि भई तलब प्राप्त हुने मिति २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |

**निर्णय नं. २**

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकमा यस धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा समायोजन भई आएका देहायका कर्मचारीहरुले सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

को उपदफा (१) बमोजिम हाल कार्यरत रहेको देहायको तहबाट एक तहवृद्धि गरी पाउँ भनी निवेदन दिनु भएकोमा निजहरुको तोकिएबमोजिमको शैक्षिक योग्यता भएको, एक तह वृद्धिका लागि न्यूनतम् सेवा अवधि पुगेको, पछिल्लो पाँच वर्ष (आ.व.२०७७।०७८, २०७८।०७९, २०७९।०८०, २०८०।०८१ र २०८१।०८२) को कार्यसम्पादन मूल्याङ्कनको औषत अङ्क समेत पन्चानब्बे प्रतिशत भन्दा बढी प्राप्त गरेको र हाल कुनै विभागीय कार्बाहीमा समेत नपरेको देखिएकोले देहाय बमोजिम एक तह वृद्धि गर्ने निर्णय गरियो।

| क्र. सं. | नामथर, संकेत नम्बर | हालको तह, पद, सेवा, समूह/उपसमूह र नियुक्ति मिति | शैक्षिक योग्यता | पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन औषत अङ्क | तहवृद्धि हुने तह र पद | तहवृद्धि गरिएको तहको ज्येष्ठता लागू हुने मिति (वर्ष/महिना/गते) |
|---|---|---|---|---|---|---|
| १ | राम बहादुर कुँवर (क.सं.नं.: २०१६८३) | **तह : सहायकस्तर पाँचौ**<br>**पद :** सर्भेक्षक<br>**सेवा :** नेपाल इन्जिनियरिङ्ग<br>**समूह :** सर्भे<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७६।०२।०१ | प्लस टु, वेसिक सर्भेइङ्ग (अमिन), जुनियर नापी तालिम | ९६.५३ | **तह : अधिकृत छैटौं**<br>**पद :** नापी अधिकृत<br>तह वृद्धि भई तलब प्राप्त हुने मितिः २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |
| २ | केशव राज पन्त (क.सं.नं.: १९५१८५) | **तह : सहायकस्तर पाँचौ**<br>**पद :** सर्भेक्षक<br>**सेवा :** नेपाल इन्जिनियरिङ्ग<br>**समूह :** सर्भे<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७५।११।२८ | प्लस टु, वेसिक सर्भेइङ्ग (अमिन), जुनियर नापी तालिम | ९५.०० | **तह : अधिकृत छैटौं**<br>**पद :** नापी अधिकृत<br>तह वृद्धि भई तलब प्राप्त हुने मितिः २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |

**निर्णय नं. ३**

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकमा यस धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा समायोजन भई आएका देहायका कर्मचारीहरुले सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा (१) बमोजिम हाल कार्यरत रहेको देहायको तहबाट एक तहवृद्धि गरी पाउँ भनी निवेदन दिनु भएकोमा निजहरुको तोकिएबमोजिमको शैक्षिक योग्यता भएको, एक तह वृद्धिका लागि न्यूनतम् सेवा अवधि पुगेको, पछिल्लो दुई वर्ष (आ.व. २०८०।०८१ र २०८१।०८२) को कार्यसम्पादन मूल्याङ्कनको अङ्क कम्तिमा उत्तम अङ्क प्राप्त गरेको र हाल कुनै विभागीय कार्बाहीमा समेत नपरेको देखिएकोले देहाय बमोजिम एक तह वृद्धि गर्ने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| क्र.सं. | नामथर, संकेत नम्बर | हालको तह, पद, सेवा, समूह/उपसमूह र नियुक्ति मिति | शैक्षिक योग्यता | पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन औषत अङ्क | तहवृद्धि हुने तह र पद | तहवृद्धि गरिएको तहको ज्येष्ठता लागू हुने मिति (वर्ष/महिना/गते) |
|---|---|---|---|---|---|---|
| १ | रमेश घर्तिमगर (क.सं.नं.१८९११६०) | **तह :** अधिकृतस्तर छैटौं<br>**पद :** ज.स्वा.नि.<br>**सेवा :** नेपाल स्वास्थ्य<br>**समूह :** हे.ई<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७४।०३।२७ | सि.एम.ए तथा सि.अ.हे.व.स्तरवृद्धि तालिम ६ महिने | १००.०० | **तह :** अधिकृत सातौं<br>**पद :** ज.स्वा.अ.<br>तह वृद्धि भई तलब प्राप्त हुने मितिः २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |
| २ | पुष्पा कुमारी जोशी (क.सं.नं.: २१३५०८) | **तह :** सहायकस्तर पाँचौं<br>**पद :** सि.अ.न.मी.<br>**सेवा :** नेपाल स्वास्थ्य<br>**समूह :** क.न/प.हे.न.<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७७।०९।१६ | PCL in Nursing | १००.०० | **तह :** अधिकृत छैटौं<br>**पद :** सि.अ.न.मी.नि.<br>तह वृद्धि भई तलब प्राप्त हुने मितिः २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |
| ३ | मिना पाण्डेय (क.सं.नं.२११७१५) | **तह :** सहायकस्तर पाँचौं<br>**पद :** सि.अ.न.मी.<br>**सेवा :** नेपाल स्वास्थ्य<br>**समूह :** क.न/प.हे.न.<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७७।०३।२९ | Pcl in Nursing | १००.०० | **तह :** अधिकृत छैटौं<br>**पद :** सि.अ.न.मी.नि.<br>तह वृद्धि भई तलब प्राप्त हुने मितिः २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |
| ४ | रतन बहादुर बोहरा (२००८०६) | **तह :** सहायकस्तर पाँचौं<br>**पद :** वरिष्ठ वैद्य<br>**सेवा :** नेपाल स्वास्थ्य<br>**समूह :** आयुर्वेद<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७४।०३।३० | AAHW (Auxiliary Ayurvedic Health Worker) | १००.०० | **तह :** अधिकृत छैटौं<br>**पद :** वैद्य निरीक्षक<br>तह वृद्धि भई तलब प्राप्त हुने मितिः २०८२/१०/०१ गते देखि | सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ बमोजिम जेष्ठता लागु हुने। |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. ४**

सुदूरपश्चिम प्रदेश स्थानीय (सेवा गठन तथा संचालन) ऐन, २०८१ को दफा ९ बमोजिम धनगढी उपमहागरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०८/०७ को निर्णयानुसार प.सं. २०८२/०८३ च.नं.२२९४ मिति २०८२/०८/२६ गतेको पत्रानुसार अधिकृतस्तर छैटौं तहबाट अधिकृतस्तर सातौं तहमा तह मिलान हुनु भएका श्री टेक राज भट्ट (क.सं. नं.१८४२२५) ले समायोजन संशोधनको लागि सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरेकोमा सम्मानित अदालतको मिति २०८२/०९/२३ को फैसला बमोजिम रिट जारी भै समायोजन संशोधन हुने भएकोले निजले यस कार्यालयबाट लिएको अधिकृतस्तर सातौं तहमा गरिएको तह मिलान कार्यान्वयन नगरी दिन हुन भनि मिति २०८२/०९/२४ यस कार्यालयमा निज अधिकृतस्तर सातौं तहमा कार्यरत श्री टेक राज भट्टले निवेदन दिनु भएकोले निज निवेदकको माग बमोजिम यस कार्यालयबाट मिति २०८२/०८/२६ गते अधिकृतस्तर छैटौं तहबाट अधिकृतस्तर सातौं तहमा तह वृद्धि / तह मिलान गरेको पत्र अनुसारको कार्यलाई बदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला कैलाली, धनगढी उपमहानगरपालिका वडा नं. २ बस्ने धर्मदेव पाठकको नाति पुष्पराज पाठकको छोरा वर्ष ४८ को ओमराज पाठक वादी विरुद्ध जिल्ला कैलाली, धनगढी उपमहानगरपालिकाको कार्यालय, धनगढी, कैलाली ऐ.ऐ. स्थित धनगढी उपमहानगरपालिकाका नगर प्रमुख जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं. ४ बस्ने कृष्ण प्रसाद हमालको छोरा वर्ष ६० को गोपाल हमाल, प्रेमलाल श्रेष्ठको छोरा जिल्ला प्युठान घर भई हाल जिल्ला कैलाली धनगढी उपमहानगरपालिकाको कार्यालय, धनगढी प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत वर्ष ५७ का रामलाल श्रेष्ठ प्रतिवादी भएको सम्मानित कैलाली जिल्ला अदालतमा मिति २०८०।०३।१७ गते दर्ता भएको मुद्दा नं. ०७९-CP-०९५२ को माननीय जिल्ला न्यायधीश श्री हरिसिंह धामीको एकल इजलासबाट मिति २०८१/१२/०५ गते भएको फैसलालाई मिति २०८१/१२/२७/४ प्रमाणित भए अनुसार निज वादी ओमराज पाठकलाई यस कार्यालयको मिति २०८२/०९/०८ गतेको नगर प्रमुख स्तरीय निर्णय बमोजिम मिति २०८२/०९/०९ गते धरौटी बापतको रकम रु. १५,८७,६४०/- (अक्षरुपी पन्ध्र लाख सतासी हजार छ सय चालिस मात्र) फिर्ता गर्ने गरिएको निर्णय र फिर्ता गरिएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस धनगढी उप-महानगरपालिकाको आर्थिक वर्ष २०८३/२०८४ मा संघीय सरकारका तर्फबाट समपुरक तथा विशेष अनुदान अन्तर्गत योजनाहरु सञ्चालनका लागि तपसिल बमोजिमका योजना / कार्यक्रमहरु प्राथमिकताक्रम अनुसार माग गर्ने निर्णय गरियो ।

**तपसिल :**

***समपुरक अनुदान :***

| क्र. सं. | योजनाको नाम | प्राथमिकता नं. | कैफियत |
|---|---|---|---|
| १ | वडा नम्बर ४ र ५ जोड्ने कैलाली खोलामा पक्कि पुल ( राष्ट्रिय आ.वि.र शिवपुरी मन्दिर जोड्ने सडक ) र वडा नम्बर - ६ कृष्ण बहादुर महराको घर नजिक खोलामा बक्स कल्भर्ट निर्माण | १ | |
| २ | वडा नम्बर ६ मानव सेवा आश्रम नजिक जाली खोलामा पक्कि पुल निर्माण | २ | |
| ३ | धनगढी बेहड़ा बाबा हुदै गौरिगंगा नगरपालिका जोड्ने सडक निर्माण (कालोपत्रे) | ३ | |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

विशेष अनुदान :

| क्र. सं. | योजनाको नाम | प्राथमिकता नं. | कैफियत |
|---|---|---|---|
| १ | धनगढी – १८ अस्पताल भवन निर्माण | १ | |
| २ | धनगढी – ८ कृषि हाट बजार भित्र संरचना निर्माण | २ | |
| ३ | सिचाई संरचना निर्माण धनगढी – १५ उर्मि | ३ | |

निर्णय नं. ७

यस धनगढी उप-महानगरपालिका कार्यालयमा विभिन्न शिर्षकमा राजस्व रकम दाखिला गरी विविध कारणवस कार्य सम्पादन नभएका तपसिल बमोजिमका संस्था / व्यक्ति तथा कार्यालयले दाखिला गरेको राजस्व रकम नियमानुसार फिर्ता गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | कार्यालय, संघसस्था, व्यक्तिको नाम | राजस्व दाखिला शिर्षक | राजस्व दाखिला रकम रु. | राजस्व फिर्ता गर्नुपर्ने कारण | राजस्व फिर्ता रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अप्सन नेपाल प्रा.लि., धनगढी, कैलाली | भूमिकर/मालपोत | १४,०२०.५५ | दोहोरो तिरिएको। | १४०२०.५५ | वडा नं. ४ को च.नं. ७६९, मिति २०८२/०७/१९ को पत्रसाथ प्राप्त अप्सन नेपाल प्रा.लि. को पत्र तथा राजस्व तिरेको रसिद नं. ५२९। |
| २ | अम्मर बहादुर चयडा नेत्रेश्वरी निर्माण सेवा पूर्वीचौकी-३, डोटी | अन्य प्रशासनिक सेवा शुल्क (बोलपत्र फाराम बिक्री) | ३३,०००.०० | अनलाईन भुक्तानी गर्दा बढी तिरिएको। | ३३०००.०० | नेत्रेश्वरी निर्माण सेवा, पूर्वीचौकी-०३, डोटीका प्रोपराईटर श्री अम्मर बहादुर चयडाको निवेदन र राजस्व तिरेको रसिद नं. २९०९। |
| ३ | कैलाली जिल्ला फुटबल संघ, धनगढी, कैलाली। | घुम्ती शौचालयको बहाल | १५,०००.०० | घुम्ती शौचालय प्रयोगको लागि नलगेको। | १५,०००.०० | कैलाली जिल्ला फुटबल संघ, धनगढी, कैलालीको पत्र नं. ०८२/०८३-१६६, मिति २०८२/०९/२० गतेको पत्र र राजस्व तिरेको रसिद नं.६३६३। |
| ४ | जित बहादुर चौधरी, धनगढी-०८, कैलाली | नक्सापास दस्तुर | २२,२८०.०० | नक्सापासको लागि आवश्यक मापदण्ड पूरा नभएको। | २२,२८०.०० | जित बहादुर चौधरीको राजस्व फिर्ता सम्बन्धी निवेदन र राजस्व तिरेको रसिद नं.२६०६। |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| क्र.सं. | कार्यालय, संघसस्था, व्यक्तिको नाम | राजस्व दाखिला शिर्षक | राजस्व दाखिला रकम रु. | राजस्व फिर्ता गर्नुपर्ने कारण | राजस्व फिर्ता रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | सुसील सापकोटा, धनगढी-०३, कैलाली | नक्सापास दस्तुर | ३७,२२२.४० | तला थप गर्न नक्सापासको लागि आवश्यक मापदण्ड पूरा नभएको। | ७,७७०.०० | निवेदक श्री सुसील सापकोटाको राजस्व फिर्ता सम्बन्धी निवेदन र राजस्व तिरेको रसिद नं. ४९८२। |
| ६ | राजेन्द्र कुमार चौधरी, धनगढी-०८, कैलाली | नक्सापास दस्तुर | ४०,०८६.९५ | एक तला बढीको राजस्व तिरेको | १३,१९५.६५ | निवेदक श्री राजेन्द्र कुमार चौधरीको राजस्व फिर्ता सम्बन्धी निवेदन र राजस्व तिरेको रसिद नं. २०९१। |
| ७ | ललित बहादुर ठकुराठी, धनगढी-०३, कैलाली | नक्सापास दस्तुर | ३२,८०७.६० | तला थप गर्न नक्सापासको लागि आवश्यक मापदण्ड पूरा नभएको। | १४,७७३.८० | निवेदक ललित बहादुर ठकुराठीको निवेदन र राजस्व तिरेको रसिद नं.३५७४। |
| ८ | कल्पना भट्ट जोशी, धनगढी-०४, कैलाली | नक्सापास दस्तुर | ५३,९८३.७० | तला थप गर्न नक्सापासको लागि आवश्यक मापदण्ड पूरा नभएको। | १०,७०५.३५ | निवेदक कल्पना भट्ट जोशीको निवेदन र राजस्व तिरेको रसिद नं.१३०९३। |
| ९ | खडक बहादुर गुरुङ सुवर्ण कन्सट्रक्सन, डडेल्धुरा | विड सेक्युरिटी बापत | ६७,०००.०० | ठेक्का नं. 6/DSMC/2082/083 को बिड सेक्युरिटी वापतको रकम धरौटी खातामा जम्मा हुनुपर्नेमा राजस्व खातामा जम्मा भएकोले। | ६७,०००.०० | सुवर्ण कन्सट्रक्सन, डडेल्धुराका.प्रो. खडक बहादुर गुरुङको निवेदन र रकम जम्मा गरेको बैंक भौचर। |
| १० | राहुल योञ्जन के.एस. फाइवर कम्पनी प्रा.लि. ललितपुर | विड सेक्युरिटी बापत | ४४,०००.०० | ठेक्का नं. 158/DSMC/2081/082 को बिड सेक्युरिटी वापतको रकम धरौटी खातामा जम्मा हुनुपर्नेमा राजस्व खातामा जम्मा भएकोले। | ४४,०००.०० | के.एस. फाइवर कम्पनी प्रा.लि. ललितपुरका प्रो. राहुल योञ्जन को निवेदन र रकम जम्मा गरेको बैंक भौचर। |

**निर्णय नं. ८**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत Construction and Rehabilitation of Road Drainage, Footpath and Road Furniture in DSMC (Package II) सम्बन्धी कार्यका लागी छनौट भएका सडकहरुमध्ये Detailed and Joint Survey गर्दा Estimate बमोजिम प्रस्ताव गरिएका सडकहरुको लम्बाई घटेको हुँदा बाँकी रहेको लम्बाईको काम धनगढी- ०३ दिपेन्द्र मार्ग सडक निर्माण गर्ने सहमति प्रदान गर्ने निर्णय गरियो।

**आजको बैठक अन्त्य गरियो।**

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख